विधेयक संख्याः ......

# स्थानीय राजपत्र प्रकाशन सम्बन्धी विधेयक, २०७५

इटहरी उपमहानगरपालिका

नगरसभा सचिवालय

इटहरी, सुनसरी

# स्थानीय राजपत्र प्रकाशन सम्बन्धी विधेयक, २०७५

**प्रस्तावना :**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिका तथा नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२३ बमोजिमको इटहरी उपमहानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **नाम प्रारम्भ र विस्तार :** (१) यस ऐनको नाम "स्थानीय राजपत्र प्रकाशन सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन इटहरी उपमहानगरपालिकाको नगर सभाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "अभिलेख व्यवस्थापन" भन्नाले यस ऐन बमोजिम प्रकाशित राजपत्रको अभिलेख राख्ने र व्यवस्थापन गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले इटहरी उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "प्रकाशन गर्ने अधिकारी" भन्नाले यस ऐनले स्थानीय राजपत्र प्रकाशन गर्नका निम्ति अख्तियारी प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत'' भन्नाले इटहरी उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई संझनु पर्छ ।

(ङ) “राजपत्र” भन्नाले इटहरी उपमहानगरपालिकाबाट प्रशासन गरिने स्थानीय राजपत्रलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## राजपत्रको भाग र ढाँचा

३. **राजपत्रमा रहने भागहरु :** राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची-१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **राजपत्रको ढाँचा :** राजपत्रको ढाँचा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्था :** राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७५ साललाई १, २०७६ साललाई २) कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी खण्ड कायम गरिनेछ ।

६. **राजपत्रको संख्या :** (१) राजपत्रको संख्या क्रमशः कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा बिक्रम सम्बत् (नेपाली क्यालेण्डर) लाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को बर्ष प्रारम्भ भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. **राजपत्रमा प्रकाशन गर्ने सामग्री :** राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तैः ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **राजपत्र प्रकाशन गर्ने अधिकारी :** प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार राजपत्र प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा “आज्ञाले,” भन्ने शब्द उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## परिच्छेद-३
## राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. **राजपत्र प्रकाशनको जिम्मेवारी** : (१) नगरपालिकाले कुनै शाखा वा एकाइलाई राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र राजपत्र प्रकाशन गरिनेछ ।

१०. **सम्पादन गर्नुपर्ने** : (१) राजपत्रमा प्रकाशन हुने सामग्री नगरपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट प्रकाशन गर्नुपूर्व सम्पादन गरिनेछ ।

(२) उपदफा (१) वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा वा एकाइमा पठाईनेछ ।

११. **राजपत्रको अभिलेख** : (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम राजपत्रको अभिलेख व्यवस्थापनका लागि अलगै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गर्नुपर्नेछ ।

१२. **निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने** : नगरपालिकाले राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराउनेछ -

(क) नेपाल सरकार र प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालय

(ख) सम्बन्धित जिल्ला समन्वय समिति

(ग) नगरपालिकाको सूचना तथा अभिलेख केन्द्र

(घ) नगरपालिकाका सम्बन्धित विभाग, महाशाखा, शाखा, र वडा कार्यालयहरु ।

१३. **<u>वेभ साइटमार्फत सार्वजनिक गर्नुपर्ने</u>** : नगरपालिकाबाट प्रकाशित राजपत्रलाई नगरपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

१४. **<u>विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्य</u>** : (१) प्रकाशित राजपत्र नगरपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइ मार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ-

**(क) बार्षिक सदस्य बनाई बिक्री गर्दा** : वडा कार्यालय वा नगरपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ५९०/ (पाँच सय नब्बेमात्र),

**(ख) खुद्रा बिक्री गर्दा** : राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेजसम्म एक प्रतिको रु.५ मात्र
- ९ देखि २४ पेजसम्म एक प्रतिको रु.१० मात्र
- २५ देखि ४० पेजसम्म एक प्रतिको रु.१५ मात्र
- ४१ देखि ५६ पेजसम्म एक प्रतिको रु.२० मात्र
- ५७ देखि ७२ पेजसम्म एक प्रतिको रु.२५ मात्र
- ७३ देखि ९६ पेजसम्म एक प्रतिको रु.५० मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज २८ पैसाका दरले थप शुल्क लिइनेछ ।

१५. **<u>बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने</u>** : राजपत्र बिक्री बापत प्राप्त राजश्व नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

१६. **<u>ऐनको व्याख्या</u>** : यस ऐनको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा इटहरी उपमहानगरपालिकाको नगर सभाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१७. **बचाऊ :** यो ऐन लागू हुनुभन्दा अगावै नगरपालिकाले पारित गरी लागू गरेका ऐन, नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड यसै ऐन बमोजिम प्रकाशन भएको मानिनेछ ।

## अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

### राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

भाग-१

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

भाग-२

यस भागमा नगर कार्यपालिकाबाट जारी नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

भाग-३

यस भागमा ऐन, नियम वा आदेश अन्तर्गत नगर कार्यपालिकाको निर्णय बमोजिम स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्ने भनी उल्लेख भएका सूचना तथा विषयवस्तु प्रकाशन गरीनेछ ।

## अनुसूची- २

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

इटहरी उपमहानगरपालिका

# स्थानीय राजपत्र

खण्डः ..... संख्याः ......मितिः ......../..../....

भाग-१

इटहरी उपमहानगरपालिका

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

इटहरी उपमहानगरपालिका

# स्थानीय राजपत्र

खण्डः...　　　　संख्याः...　　　　मितिः ..../../..

भाग-२

इटहरी उपमहानगरपालिका

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

(दफा ४ तथा अनुसूची-१ को भाग-३ सँग सम्बन्धित)

इटहरी उपमहानगरपालिका

# स्थानीय राजपत्र

खण्डः... संख्याः... मितिः ..../../..

भाग-३

इटहरी उपमहानगरपालिका

यसमा ऐन, नियम वा आदेश अन्तर्गत नगर कार्यपालिकाको निर्णय बमोजिम स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्ने भनी उल्लेख भएका सूचना तथा विषयवस्तु प्रकाशन गरीनेछ ।

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत